Vol. 4 | Issue 1, 2025
DOI : https://doi.org/10.3126/tmj.v4i1.87440

स्पेनिस भाषाकक्षामा नेपाली मातृभाषी विद्यार्थीहरूको सिकाइ सहजीकरण

१.लीला अधिकारी, ग्राजुएट स्कुल अफ एजुकेसन, त्रि.वि., कीर्तिपुर, शोधार्थी
https://orcid.org/0009-0002-6835-0632, Email: lilyadhikari82@gmail.com
२.दिनेश घिमिरे (पिएचडी), शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
https://orcid.org/0009-0004-6484-7195, Email: dinesghimire1@gmail.com,

Received : April 20, 2025 Revised : July 16, 2025 Accepted : September 15, 2025

लेखसार

प्रस्तुत लेख नेपाली मातृभाषी विद्यार्थीहरूको स्पेनिस भाषाकक्षाको सिकाइ सहजीकरण शीर्षकमा केन्द्रित छ । नेपाली विद्यार्थीहरूको भाषा सिकाइको कठिनाइका अनुभव, भाषाकक्षामा भाषिक सिपको विकासका लागि प्रयोग भएका विधि र प्रक्रिया पत्ता लगाउनुका साथै कक्षामा विधागत सिकाइ सहजीकरणको अनुभव निरूपण गर्ने उद्देश्यमा आधारित यस अध्ययनमा भिगोत्स्कीको निर्माणवादलाई सैद्धान्तिक आधार लिइएको छ । यो अध्ययन गुणात्मक अनुसन्धानअन्तर्गत फेनोमेनोलोजी ढाँचामा आधारित छ । यसमा स्पेनका चारओटा सहरमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई सोद्देश्यमूलक विधिबाट सहभागी छनोट गरी अन्तर्वार्ताका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। विद्यार्थीहरूको अन्तर्वार्तालाई रेकर्डपछि लिप्यान्तरण गरेर कोडिङ गर्दै भाषिक सङ्घर्ष, भाषिक सिप विकासको प्रक्रिया, विधागत सिकाइ सहजीकरण गरी मुख्य रूपमा तीनओटा थिममा विश्लेषण गरिएको छ । अध्ययनका मुख्य निष्कर्षहरूमा दोस्रो वा विदेशी भाषा सिक्न धेरै कठिनाइका साथ सफलता प्राप्त भएको पाइन्छ। स्पेनका भाषाकक्षामा विद्यार्थीहरूलाई ससाना समूहमा विभाजित गरी सहकार्यमा सक्रिय सहभागी बनाएर अन्तर्क्रिया गराउने प्रक्रिया अवलम्बन गरेको पाइएको छ । स्पेनमा सिकाइमा आधारित शिक्षण प्रकियामा शिक्षक सहजकर्ताको रूपमा रहेर विद्यार्थीहरूलाई सक्रिय बनाई समस्या समाधान गर्न लगाएको पाइन्छ । विद्यार्थीमा भाषिक सिप विकासका लागि सहजकर्ताले शिक्षण सामग्री तथा प्रविधिको प्रयोग गरी सिकारुलाई समस्या समाधानको खोजी गर्न लगाएको पाइन्छ। नयाँ कथा, उपन्यास जस्ता पठन सामग्री पढ्न दिने, सार लेख्न लगाउने पढेको र लेखेको विषयवस्तुको प्रस्तुति दिनुपर्ने तथा सामूहिक कार्य र अन्तर्क्रिया गराई भाषिक सिपको एकीकृत विकास गराउने कुरामा स्पेनको सिकाइ सहजीकरण केन्द्रित रहेको निष्कर्ष प्राप्त भएको छ।

शब्दकुञ्जीका : *पठनसामग्री, भाषाकक्षा, विधागत सिकाइ, सिकाइ अन्तर्क्रिया, सिकाइमा आधारित सहजीकरण*

विषयप्रवेश

सिकारुको दैनिक जीवनमा आउने संज्ञानात्मक परिवर्तनका रूपमा सिकाइलाई लिन सकिन्छ । व्यवहारवादी र मनोवादी चिन्तकहरूले सिकाइका लागि रुचि र आवश्यकता हुनुपर्नेमा जोड दिएको पाइन्छ । "मनोविज्ञानका

आधारमा अध्ययन गर्दा मान्छेले गर्ने व्यवहारबाट आउने सकारात्मक परिवर्तनलाई सिकाइ मान्न सकिन्छ" (शर्मा, सन् २०१४)। परिवर्तन सिकाइ सिकारुको हरेक क्रियाकलापमा वा व्यवहारमा प्रस्ट देखिन्छ। "अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो" (पाविके, २०७६, पृ. ८७) । यस भनाइले सिकारुको सक्रिय सहभागिता, सामूहिक छलफलका साथै सहकार्यकलापमा जोड दिएको देखिन्छ। "व्यवहारवादी, मनोवादी तथा निर्माणवादीहरूकै आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण भएका र तिनै पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई प्राप्त गर्न सिकाइ सहजीकरणको अहम भूमिका रहन्छ" (शर्मा, २०२४, पृ. २)। सिकाइ सहजीकरणलाई विद्यार्थी केन्द्रित सिकाइका रूपमा लिइन्छ। विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका अनुसार "अनलाइन सिकाइ सहजीकरण प्रणालीलाई भौतिक उपस्थितिमा नियमित पठनपाठन गर्न कठिन भएको अवस्थामा टेलिभिजन, अनलाइन र अफलाइन विद्युतीय सामग्री, परियोजना कार्यहरू, दूर तथा खुल्ला शिक्षालगायत वैकल्पिक माध्यमबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियाका रूपमा लिन सकिन्छ" (२०७७) । खास गरी कोभिड १९ वा यस्तै प्रकारको महामारी वा विपद् जस्ता विषम परिस्थितिमा यस्तो पद्धति बढी उपयोगी हुने देखिन्छ। यसलाई नियाल्दा नेपालमा यस्तो सिकाइ सहजीकरणको विकास कोभिड १९ पछि भएको देखिन्छ । "नेपालमा भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग र सोसम्बन्धी अवधारणा २०७१ को माध्यमिक भाषा पाठ्यक्रमबाट आएको हो। परम्परागत रूपमा अध्ययन विधि, शिक्षण कार्यकलाप, शिक्षण प्रक्रिया, शिक्षण सिकाइ कार्यकलाप आदि भनिँदै आएकामा २०७१ देखि २०७८ सम्मको 'माध्यमिक शिक्षा पाठ्यक्रममा' सिकाइ सहजीकरण भनी उल्लेख गरिएको छ" (शर्मा, २०८१, पृ. ३)। यसलाई मनन गर्दा पछिल्लो समयको भाषा शिक्षण शिक्षक केन्द्रित विधिबाट विद्यार्थी केन्द्रित विधितर्फ लम्किएको मान्न सकिन्छ।

वर्तमान समयमा विश्वका अधिकांश राष्ट्रको शिक्षणसिकाइ प्रकिया सहज बन्दै गएको देखिन्छ । Info. edu (2018) मा सिकाइलाई व्यवस्थापन गर्न समस्या समाधान गर्दै सिपमूलक शिक्षामा प्रोत्साहन गर्नु नै सिकाइ सहजीकरण भएको कुरा व्यक्त गरिएको छ। भाषा सिकाइका समस्यालाई सामूहिक छलफलको विषय बनाएर अन्तर्क्रिया, खोज, विश्लेषण, प्रस्तुतीकरण गराउँदै पृष्ठपोषण दिने जस्ता कार्यहरूले भाषिक सिपको विकासमा मदत पुग्छ। सिकारुलाई उसको रुचि र चाहनाअनुसार गरेर सिक्ने (learning by doing) वातावरण प्रदान गरिएमा सिकाइ दीर्घकालीन हुन सक्छ। सिकाइ सहजीकरण शिक्षण सिकाइको नयाँ स्वरूप मान्न सकिन्छ। लेकालाकाला (सन् २००६) मा भाषाकक्षाको सिकाइ सहजीकरण सिकारुमैत्री, सहभागितामूलक, अन्तरक्रियात्मक भएमा बालबालिकामा सिकाइ छिटो हुने, निर्णय क्षमतामा बृद्धि हुने, सजिलै नयाँ परिस्थितिमा घुलमिल हुन सक्ने, सामूहिक कार्यमा रुचि राख्ने, सूचना प्रविधिको सहज उपयोग गर्न सक्ने, रचनात्मक क्षमता वृद्धि हुने, प्रतिस्पर्धी क्षमता विकास हुने आदि पक्षमा सकारात्मक प्रभाव पर्ने हुन्छ। यसर्थ सिकारुको शारीरिक, मानसिक, बौद्धिक, भावनात्मक आदि विकासका लागि भाषाकक्षामा सिकाइ सहजीकरणको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यस्तै बुर्रोब्स (1997) का अनुसार शिक्षणमा सहजीकरणको विचार कार्ल रोजर्सले सन् १९८३ बाट सुरु भएको हो । यसले मानवतावादी दृष्टिकोणमा विद्यार्थी केन्द्रित सिकाइ वातावरणको आवश्यकतामा जोड दिएको थियो । यसले विद्यार्थीलाई थप सुविधाजनक र स्वनिर्देशित बन्न सक्षम बनाउँछ । त्यस्तो वातावरणले व्यक्तिगत क्षमता विकासका लागि स्वतन्त्रतालाई जोड दिन्छ। सिकाइ सहजीकरणलाई शिक्षणमा ल्याउने सन्दर्भमा ब्रुकफिल्डले नर्स शिक्षकले कसरी सहजीकरण गर्नुपर्छ भन्ने बारेमा स्पष्ट परिभाषा र सुझाउ दिएका छन्। उनी (सन् १९८६) ले "सहजीकरण लोक ज्ञानको स्रोत हो" भन्ने धारणा राखेका छन्। उनले यसलाई बाह्य निर्देशकले टाढाबाट जटिल विषय पनि शिक्षण गर्न सकिने हुनाले सक्रिय शिक्षण विधि मान्दछन्। उनले आफूलाई र आफ्ना अनुभवलाई साझा गर्दै सहकार्यमा सँगै काम गरेको देखिन्छ। ब्रुकफिल्डपछि वाकर र अवान्त (सन् १९८८) ले शैक्षिक सहजीकरणलाई विस्तारित रूप दिएको पाइन्छ । "सिकाइ सहजीकरणले सिकारुमा आपसी सम्मान बढ्छ, सिकाइमा साझेदारीको विकास हुन्छ, उद्देश्य प्राप्तिका लागि गतिशील प्रक्रिया हुन्छ, सहभागी बिच भावना, विचार

र समस्या साझा हुन्छन् (वाकर र अवान्त, सन् १९८८) ।" यसरी नर्सिङ क्षेत्रको सहजीकरणबाट सुरु भएको सिकाइ सहजीकरण अहिले कक्षाकोठासम्म आएर सक्रिय शिक्षण पद्धति बनेको छ।

स्पेनको अनलाइन सिकाइ सहजीकरण भौतिक उपस्थिति असहज हुनेबित्तिकै अनलाइन पद्धतिको उपयोग गर्ने गरेको देखिन्छ। सिकाइका सन्दर्भमा रिचर्डस र रोजर (सन् २०१६) ले पाठ्यवस्तु र पाठसन्दर्भमा आधारित बनाई सिकाउनुपर्ने कुरामा जोड दिएका छन् । यसलाई नियाल्दा विद्यार्थीमा सिकाइका लागि सक्रिय र अभ्यास केन्द्रित सिकाइमा सहजकर्ताको भूमिकामा शिक्षकलाई हेरेको देखिन्छ । त्यसै गरी स्क्रिभर्नर (सन् २०१२) ले सिकाइ सहजीकरणका प्रक्रिया र कक्षाकोठा व्यवस्थापन बिचको सम्बन्ध उल्लेख गर्दै सिकाइ सहजीकरणमा पुस्तकालयको व्यवस्था, कक्षाकोठाको बसाइ व्यवस्थापन, शिक्षकको विद्यार्थीप्रतिको व्यवहारका साथै विद्यार्थीहरूको सक्रिय उपस्थिति महत्त्वपूर्ण हुने अवधारणा राखेका छन् (शर्मा, सन् २०२२) । यस आधारमा पनि अबको शिक्षण प्रक्रिया विद्यार्थी सक्रियतामा आधारित र सिकाइ सहजीकरण केन्द्रित हुनुपर्ने देखिन्छ।

यस अध्ययनमा स्पेनका भाषाकक्षामा स्पेनिस भाषा सिकाइमा अपनाइएको सिकाइ विधि तथा प्रक्रिया, नेपाली मातृभाषी विद्यार्थीहरूको भाषा सिकाइका चुनौती, स्पेनिस भाषाकक्षामा भाषा सिकाइ सहजीकरण आदिबारे नजिकबाट नियाल्दै सिकाइ समस्यामा केन्द्रित रहेर भाषा सिकाइ सहजीकरण प्रक्रियाको खोजी गरिएको छ । शर्माका (२०८१) र (सन् २०२२), आचार्य (२०८१) आदि अध्ययनहरू नेपाली भाषासँग सम्बन्धित रहेका देखिन्छन् । पूर्ववर्ती अध्ययनहरूबाट स्पेनका नेपाली मातृभाषी विद्यार्थीको भाषा सिकाइ सम्बन्धमा हालसम्म आधिकारिक लेखरचना, शोधअनुसन्धान तथा अध्ययन कार्य आदिको अभाव रहेको अवस्थामा नवीन विषय क्षेत्रमा यस अध्ययनलाई अगाडि बढाइएको हो । यस अनुसन्धानमा स्पेनमा बसोबास गर्ने नेपाली मूलका अभिभावकका नेपाली मातृभाषी विद्यार्थीमा केन्द्रित भई अध्ययनलाई अगाडि बढाइएको छ।

व्यक्ति जुन स्थान, देश वा परिवेशमा बसेर आफ्नै दैनिकी सञ्चालन गर्छ उसलाई त्यहाँको भाषा सिक्नु, जान्नु, बुझ्नु, बोल्नु अपरिहार्य नै मानिन्छ। त्यसमा पनि दोस्रो वा तेस्रो भाषाका रूपमा विदेशी भाषा सिकाइ पहिलो जस्तो सहज हुँदैन। यसै पृष्ठभूमिमा प्रस्तुत अध्ययनलाई नेपाली मातृभाषी विद्यार्थीहरूले स्पेनिस भाषा सिकाइमा भोगेका अनुभव र कठिनाइको खोजी गर्नु, उनीहरूमा भाषिक सिप विकासका लागि प्रयोग गरिएका विधि र प्रक्रिया पत्ता लगाउनु साथै कक्षामा विधागत सिकाइ सहजीकरणको अनुभव निरूपण गर्नु जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ। युरोप गएर पढ्न के कति कठिनाइ र सहज छ अनि कस्तो शिक्षण प्रक्रिया छ भनेर खोजी गर्ने अध्येतालाई यो अनुसन्धान विशेष लाभदायी र उपयोगी हुने छ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन स्पेनमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको भाषा सिकाइ अनुभवमा केन्द्रित रहेको छ। भाषा सिकाइ प्रक्रियामा केन्द्रित यो लेख गुणात्मक अनुसन्धानको परिघटनामूलक (phenomenology) ढाँचामा आधारित भई वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अवलम्बन गरिएको छ। "फेनोमेनोलोजी अध्ययनले कुनै खास विषय वा परिघटना (phenomenan) मा व्यक्तिले हासिल गरेका अनुभवका आधारमा कस्तो अर्थ (meaning) राख्छ भन्ने कुराको खोजी गर्छ" (खनाल, २०८०, पृ. ८९) । परिघटनामूलक अनुसन्धानले मानिसका भोगाइको जीवन्त अनुभवलाई वास्तविक परिवेशमा रहेर व्यवहारको अध्ययन गर्छ। उक्त अनुसन्धानका लागि मुख्य अनुसन्धान कर्ता स्पेनमै रहेको, देखेको र भोगेको आधारमा अध्ययन प्रक्रिया अगाडि बढाइएको हो । यस अध्ययनमा खास गरी स्पेनका चार प्रदेशका (सहरका) चार विद्यार्थीहरूलाई सोद्देश्यमूलक नमुना छनोटको प्रयोग गरी नमुना जनसङ्ख्या निर्धारण गरिएको छ । अन्तर्वार्ताका क्रममा स्पेनका मुख्य मुख्य सहरमा पुगेर विद्यार्थीहरूसँगको आत्मिक सम्बन्धबाट लामो समय लिएर यो अध्ययनलाई अगाडि बढाइएको हो । नेपालमा अध्ययन गरेर स्पेन गएका र स्पेनमा कक्षा सातदेखि बाह्रसम्म अध्ययन गरेका विद्यार्थीहरूको अन्तर्वार्ताबाट सामग्री

सङ्कलनका लागि स्पेनका सुप्रसिद्ध सहरलाई चयनपछि त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरूसँगको सहबसाइँबाट संरचित/असंरचित अन्तर्वार्ताद्वारा तथ्य सङ्कलन गरिएको छ। चयन गरिएका विद्यार्थी १ (मालगा) कक्षा बाह्र, विद्यार्थी २ (म्याड्रिड) कक्षा दश, विद्यार्थी ३ (बार्सिलोना) कक्षा सात, विद्यार्थी ४ (भ्यालेन्सिया) कक्षा एघारसँग २०८० जेठदेखि २०८१ माघसम्म विभिन्न मितिमा सँगै रहेर उनीहरूका अनुभवको अध्ययन गरिएको छ। विद्यार्थी १ सँग मालगा तोरोक्स पलाया, उनैको निवास र उनीसँगको स्कुल जाउआउ प्रक्रियामा अन्तर्वार्ता लिएको छ। विद्यार्थी २ सँग प्राय म्याड्रिडको भेन्तास बुल फाइटिङ भवन अगाडिको पार्कमा, निवासमा, पार्के युरोपामा बसेर अन्तर्वार्ता लिइएको छ। विद्यार्थी ३ सँग बार्सिलोनाको साग्रदा फ्यामिलिया शताब्दी चर्च अगाडि, पलायामा बसेर, स्कुल पुऱ्याउँदा बाटोमा, घरमा उनैसँग बसेर अन्तर्वार्ता लिइएको छ। त्यस्तै विद्यार्थी ४ सँग भ्यालेन्सियाको आल्तिया सामुद्रिक किनारमा, चिल्ड्रेन पार्कमा, घरमा, घुमफिरका क्रममा अन्तर्वार्ता लिइएको छ। यस क्रममा लिइएका अन्तरवार्ता र छलफललाई मोबाइलबाट रेकर्ड गरेर त्यसलाई लिप्यान्तरण गरी शब्द सङ्केतन (कोडिङ) गर्दै (क) भाषिक सङ्घर्ष (ख) भाषिक सिप विकासको प्रक्रिया (ग) विधागत सिकाइ सहजीकरण जस्ता साझा आशय वा सार (थिम/theme) बनाई व्याख्या, विश्लेषण गरिएको छ। जसमध्ये भाषिक सङ्घर्षअन्तर्गत भाषा सिकाइको कठिनाइ वा चुनौतीलाई समावेश गरिएको छ। भाषिक सिप सिकाइ प्रक्रियामा शिक्षण विधि, तरिका, शैक्षिक सामग्री आदिको खोजी गरिएको छ भने विधागत सिकाइ सहजीकरणअन्तर्गत कथा, कविता, निबन्ध र नाटक विधा शिक्षणका क्रममा अपनाइएको सहजीकरण प्रक्रियामा केन्द्रित गरिएको छ।

सैद्धान्तिक आधार

भाषा सिकाइको प्रारम्भिक स्वरूप सुनाइ हो। सुनेर अन्तरक्रिया गर्नु भाषा सिकाइको विकसित अवस्था हो। भाषाविद् नोमचम्स्कीले भाषा सिक्ने क्षमतालाई बालकको जन्मजात गुणका रूपमा चिनाएका छन्। जन्मजात गुण भए तापनि भाषा सिक्नु सिकाउनु चाहिँ महत्त्वपूर्ण पक्ष हो।। सिकाइ सहजीकरण शिक्षणमा आधारित र सिकाइमा आधारित हुन्छ। यस अध्ययनमा सिकाइमा आधारित सहजीकरणको उपयोग भएको छ। शिक्षणमा आधारित सिकाइ सहजीकरण शिक्षकको शिक्षणमा आधारित हुनाले शिक्षक केन्द्रित विधि हो भने सिकाइमा आधारित सहजीकरण विद्यार्थी केन्द्रित विधि हो, जुन भिगोत्स्कीको निर्माणवादी सिद्धान्तमा आधारित छ त्यसैले यस अध्ययनको सैद्धान्तिक आधार पनि भिगोत्स्कीको निर्माणवादको प्रयोग गरिएको छ। भाषा सिकाइका विभिन्न सिद्धान्तमध्ये यहाँ भिगोत्स्कीको 'सामाजिक निर्माणवादी सिकाइ' सिद्धान्तलाई सैद्धान्तिक आधार मानिएको छ। रसियन मनोवैज्ञानिक लिभ सेमिओनोभिच भिगोत्स्की (सन् १८९६–१९३४) द्वारा प्रतिपादित सामाजिक निर्माणवादी सिद्धान्त चाहिँ स्विस मनोवैज्ञानिक पियाजेको संज्ञानात्मक मनोविज्ञानको अवधारणालाई अवलम्बन गरेर अगाडि बढेको नयाँ सिद्धान्त मानिन्छ। शर्मा (सन् २०८१) का अनुसार यस सिद्धान्तका अनुयायीहरूमा भिगोत्स्की र डिबेका साथै इमानुएल कान्ट, वान्डुरा, जेरम एस वर्नर, मरिया मन्टेस्वरी आदि विद्वान्हरू पर्दछन्। यिनीहरूले नै यस सिद्धान्तको विकास गरेको पाइन्छ। "भिगोत्स्कीको निर्माणवाद सिद्धान्त शिक्षण सिकाइ र बालमनोविज्ञानका क्षेत्रमा नयाँ सोच, नयाँ निर्माण, नयाँ चिन्तन, नयाँ अनुभव, नयाँ विधि, नयाँ ज्ञान, नयाँ सिप, नयाँ विकास, नयाँ मूल्य र नयाँ धरोहरको रूपमा प्रतिस्थापित छ (पौडेल, सन् २०१८, पृ.२८)। यसरी हेर्दा भिगोत्स्कीको यो सिद्धान्तलाई सिकाइ सहजीकरण, विद्यार्थीमैत्री र अन्तरक्रियात्मक देखिन्छ। आचार्य (२०८१) ले रोह्लर र कान्टलन, सन् १९९७; इलिएट र अन्य, सन् २०००; माजा, सन् २०१५; टम, सन् २०००) मा आधारित रहँदै सामाजिक सांस्कृतिक निर्माणवादको भाषिक अर्न्तक्रियाका विषयमा को विशेष योगदान रहेको बताएका छन्। यिनीहरूका अनुसार आफूभन्दा ठूलाबाट सिकाइ प्राप्ति हुन्छ भन्ने रहेको छ। यिनीहरू मानिसको मानसिक प्रक्रियालाई आकार दिने कुरा बताउँछन्। बालकमा संस्कृतिको विकास क्रमशः सामाजिक र व्यक्तिगत तहमा देखिन्छ। यो क्रम पहिला व्यक्ति व्यक्तिका बिचमा अनि पछि गएर आफैंभित्र विकसित हुन्छ (भिगोत्स्की, सन् १९७८, पृ. ५७)। यसका आधारमा सिकाइ अनुभवहरूको उपज हो भन्न सकिन्छ।

निर्माणवादी सिद्धान्त विद्यार्थी केन्द्रित विधि मानिन्छ। यसले विद्यार्थीलाई समस्या समाधानका लागि खोजकर्ताको भूमिकामा सक्रिय बनाउँछ। विद्यार्थीहरूले सामूहिक रूपमा सहकार्य गर्दा सिकाइको गति तीव्र हुन्छ। "निर्माणवादी शिक्षणमा साथीहरूबिच साझेदारी, समूहकार्य, अन्तर्क्रिया तथा छलफल, आलोपालो, प्रस्तुतीकरण र प्रश्नोत्तरको अवसर दिनुपर्छ" (खनाल, पृ. २०८२)। यस सिद्धान्तको मान्यता पनि सिकारुले आफ्ना अग्रज, साथीभाइ, गुरु, विज्ञ आदिको सरसङ्गत र सहकार्यले सिकाइ छिटो सिक्न सक्छ भन्ने रहेको छ। "निर्माणवादले अन्तर्क्रिया वा छलफल नै भाषा सिकाइको पहिलो तरिका मान्नुका साथै कक्षाकोठामा पनि विद्यार्थीहरूलाई सहकार्यमूलक सिकाइलाई जोड दिन्छ" (स्योमविन, सन् २०१६, पृ. ५४)। यसबाट सिकारुहरू सिक्नका लागि शारीरिक र मानसिक रूपमा तयार हुन्छन् र आफ्नो अनुभव बाँड्न अनि अरूका विचार, ज्ञान सुन्न सक्रिय हुन्छन्। समूहमा हुने छलफल र अन्तर्क्रियाले विद्यार्थीले नयाँ ज्ञानको निर्माण गर्छन्। "भिगोत्स्कीको सिद्धान्तले सिकारुलाई सक्रिय खोजकर्ता र शिक्षकलाई सहजकर्तामा रहन निर्देश दिन्छ। सिकारुको रुचि र संस्कृतिसँगको सम्बन्ध फरक फरक हुनाले सिकारुको सिकाइ क्षमता पनि फरक फरक हुन्छ भन्ने मान्यता राख्छ" (शर्मा, सन् २०२४)। यस लेखमा भिगोत्स्कीको निर्माणवादसँगै, जिन पियाजेको संज्ञानात्मक विकास लाई पनि सैद्धान्तिक आधारका रूपमा लिइएको छ। "सिकारुमा पाइने व्यक्तिगत भिन्नता, इच्छा, चाहना, रुचि, आवश्यकता र विविध स्तरका आधारमा सिकाइ सहजीकरणका प्रक्रिया/रणनीति (strategies) हरू अनुसरण गर्न मनोवादी वा संज्ञानवादी सिद्धान्त उपयोगी हुन्छ" (जु र ब्राउन, सन् २०१५, पृ. १६)। सिकारुलाई सिकारु अनुकूलको वातावरण दिएर सरल तरिकाबाट सिकाइ सहजीकरण गर्न मनोवादी सिद्धान्तको उपयोगिता रहेको छ। खनाल (२०८१) का अनुसार पनि मानिसमा उच्च बौद्धिक क्षमता हुन्छ। उसले सोच्ने, कल्पना गर्ने, तर्क गर्ने, धारणा बनाउने र चिन्तन प्रक्रियाबाट नयाँ सिकाइ र नयाँ ज्ञान निर्माण गर्न सक्छन्। सिकाइका लागि सिकारुको निरन्तर तत्परताका साथै विविध कार्याकलाप गर्दै मानसिक रूपमा ल्याउने परिवर्तन र परिपक्वताले सिकाइलाई सबल बनाउँछ। आचार्य (२०८१) का अनुसार बालबालिकाको सिकाइ र संज्ञानात्मक विकास आफूभन्दा जान्ने व्यक्ति र तिनीहरुको संस्कृतिसँग सामाजिक अर्न्तक्रियाको परिणाम हो। सिकाइ अरूसँगको अर्न्तक्रिया र स्वयम्को मानसिक संरचनालाई एकीकृत गरेर हुन्छ (पृ ४३)। त्यस्तै गरी "सिकाइमा सिकारुको तर्क, अन्तर्दृष्टि, सुझ र धारणाको उपयोग गरी सिकाइलाई सिर्जनात्मक र अर्थपूर्ण बनाउन संज्ञानवादी सिद्धान्तको महत्त्व रहन्छ" (शर्मा, २०८१, पृ. ७५)। यसरी अध्ययन गर्दा सिकाइ सहजीकरणका लागि भिगोत्स्कीको निर्माणवादसँगै, जिन पियाजेको संज्ञानात्मक विकासको अवधारणालाई पनि सैद्धान्तिक आधार प्रयोग गरिएको छ।

व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनलाई विद्यार्थीको अन्तर्वार्ताबाट प्रस्तुत विषयको खोजी गरेर भाषिक सङ्घर्ष, भाषा सिकाइ विकासको प्रक्रिया, भाषिक सिप सिकाइ सहजीकरण आदि साझा थिममा प्रस्तुत गरिएको छ :

भाषिक सङ्घर्ष

मानवीय जीवनभोगाइ भाव, विचार आदि सम्प्रेषणको सशक्त माध्यम भाषा हो। मौखिक अभिव्यक्तिका साथै अन्य भाषिक सिप विकासका लागि भाषा शिक्षण प्रभावकारी हुन्छ। स्पेनिस भाषा सिकाइसम्बन्धी नेपाली मातृभाषी विद्यार्थीको अनुभव राख्दै विद्यार्थी १ को धारणा यसप्रकार छ– *नेपालबाट आउँदाको दुई दिनमै स्कुल जाँदा मलाई छुट्टै ग्रहमा पुगेको महसुस भयो। न कोही साथी, न भाषा, न चिनेको शिक्षक कठिनाइको शब्दमा वर्णन गर्नै सक्दिनँ म। सबै बोल्छन्, म बोलेकाहरूलाई हेर्छु अन्योल कतिकति। ब्रेक भएको नजरअन्दाज लगाएर बाहिर निस्कदा भाइ रुँदै मलाई अँगालो हाल्न आउँदा हामीलाई देखेर एक जना प्रोफेसर (शिक्षक) आएर के के भने हामीले बुझेनौँ। नेपालको स्कुल, साथीहरू र आफ्ना शिक्षकहरू सम्झेर धेरै रोइयो। भाषाको महत्त्व स्पेनमा आएर बुझियो। बिस्तारै सुन्दै, पढ्दै जाँदा सहज हुँदै गयो।* व्यक्तिमा भाषा सिक्ने क्षमता भए तापनि भाषा एकैपटकमा सिकिने कुरा होइन। मातृभाषा जस्तो सहज र सरल अरू भाषा नहुनु स्वभाविक हो तर कहिल्यै नसुनेको भाषामा एकैचोटि प्रवेश

गर्नु भनेको पौडी खेल्न नजान्ने व्यक्तिलाई ठुलो रहमा धकेलिदिनु जस्तो हो । उनले विस्तारै सिक्नु सिकाइ सहजीकरण हो ।

भाषा सिक्ने सिकाउने आआफ्नै तरिका हुन्छन् । त्यस्तै विद्यार्थी २ भन्छन्- *म युरोपमा पढ्न पाएकोमा निकै उत्सुक हुँदै कक्षामा पुगेँ । कक्षामा सबैले ओला (हेल्लो/नमस्कार) भने मैले नि त्यति त जानेको थिएँ, ओला भनेँ अनि मे यामो प्रथम, सोइ नेपाली (मेरो नाम प्रथम, म नेपाली हुँ) भनेँ त्यसपछि मैले बुझेको केही थिएन, कक्षाका केटाकेटीहरूले के के सोधेँ मैले केही बुझिनँ । केही नबुझेपछि मेरो मनोबल घट्यो अनि म अङ्ग्रेजी बोल्न थालेँ । मैले अङ्ग्रेजी बोल्दा कसैले बुझेनन् । मेरो नाम नै इङ्लेस (स्पेनिसमा ष्लनभिक) राखेर बोलाउन थाले । मलाई स्कुलदेखि दिकदारी लाग्न थाल्यो । प्रोफेसर लिब्रो (किताब) भन्थे, मोचिला (झोला) देखाउँथे म बुझ्दिनथेँ साथीहरू हाँस्थे, म रुनु न हाँस्नु हुन्थेँ । मलाई अङ्ग्रेजी, गणित र विज्ञानको कक्षा बाहेक अरू कक्षा भुराभुरीसँग राखेर पढाइयो । मलाई त्यतिबेला भागेर नेपाल जाऊँ जस्तो लाग्थ्यो । मलाई कक्षामा एक्लो फिल (महसुस) हुन्थ्यो । म त झन्डै डिप्रेसन (मानसिक अस्वस्थता)मा पुगिसकेको थिएँ । धेरै नै अतालिएँ । क्रमशः अन्य देशका अङ्ग्रेजी बोल्ने साथीहरू भेटिए । मलाई नेपालमा पढेको दोस्रो भाषा अङ्ग्रेजीले स्पेनिस भाषा सिकाइमा सहज भयो ।* युरोपका जुनसुकै मुलुकमा पनि आफ्नो मातृभाषालाई प्राथमिकता दिएको पाइन्छ । पछिल्लो समयमा भाषिक विश्वव्यापीकरणको कारण वर्तमान परिप्रेक्ष्यमा युवा वर्गले अङ्ग्रेजी बोल्न सिक्न खोज्नु र शिक्षणमा पनि अङ्ग्रेजीलाई प्राथमिकता दिएको देखिन्छ । साथीसँगको अन्तर्क्रियाबाट भाषा सिक्नु भिगोत्स्कीको सामाजिक सांस्कृतिकवादसँग सम्वन्धित छ ।

भाषा नबुझ्नुका कारण आउने कठिनाइ र चुनौतीका बारेमा विद्यार्थी ३ ले आफ्नो अनुभव सुनाउँछिन्, *हजुरआमाले अति गाह्रो भएको अवस्थालाई दाँतबाट पसिना आयो भन्नुहुन्थ्यो, भाषा सिक्दा दाँतबाट पसिना कसरी आउने रहेछ भन्ने थाहा भयो । म स्पेन आउँदा अहिले जस्तो अलिअलि अङ्ग्रेजी शब्द पनि प्रयोग हुँदैनथे यहाँ । ट्वाइलेट, रेस्टरुम भनेको कसैले बुझेनन्, बिहानदेखि बेलुकी घर नआउने बेलासम्म पिसाब खप्नुको पीडा म कहिल्यै भुल्न सक्दिनँ । घरमा आएर बाबालाई रुदै भनेँ अनि भोलिपल्ट बान्यो (ट्वाइलेट) भनेर लेखेर लगेँ अनि सोधेर गएँ । हाम्रो जस्तो एउटै कक्षामा पढाइ नहुने रहेछ, म पढेको स्कुलमा विषयानुसारका शिक्षकको कक्षामा पुग्नुपर्ने । भाषा नजानेकै कारण सबै कताकता पढ्न जान्थे म त्यहीँ कक्षामा हुन्थेँ । भाषा जानेको भए कति पढ्थेँ जस्तो हुन्थ्यो । म नेपालमा सात कक्षा पढेर आएँ यहाँ पनि उमेरअनुसारको कक्षा हुने रहेछ म सात मै पढ्न थालेँ, एकातिर कक्षा सातको कोर्स पढ्नुपर्ने अनि अर्कोतिर भाषा सिक्नुपर्ने, निकै कठिन भयो । नेपाल सम्झेर नरोएको दिनै हुँदैनथ्यो । म आत्तिएको देखेर बाबाले नेपाली भाइ भएको स्कुलमा राखिदिनुभयो ।* भाषा सिकाइको सङ्घर्ष अनि कठिनाइ सुनिरहँदा नेपाली विद्यार्थी अङ्ग्रेजी भाषा नचल्ने ठाउँमा पढ्न पुग्नु भनेको कठिन रहेछ । भाषा जान्नलाई सुनाइ निकै महत्त्वपूर्ण हुने रहेछ । सुनेका शब्दहरू प्रयोग हुँदा स्मरण छिटो हुन्छ । "भाषिक अनुभव वृद्धि गर्न सुनाइको निकै महत्त्व रहन्छ । त्यसमा पनि बोलाइको विकासमा अर्काले बोलेको बोली आलोचनात्मक दृष्टिले सुन्दा त्यसमा भएका गल्तीहरू पहिल्याउने क्षमताको समेत विकास हुन सक्छ र जसबाट आफ्नो बोलीलाई सुधार गर्न मदत मिल्छ" (अधिकारी, २०६९, पृ. ५१) । सुन्दै नसुनेको भाषा एकैचोटि सुन्नु भनेको सिकारु अलमलिनु र अतालिनु रहेछ । यिनको भाषिक अन्र्तक्रियाबाट भाषिक सिकाइ भिगोत्स्कीको निर्माणवादसँग सम्वन्धित देखिन्छ । यस्तै भाषिक कठिनाइको अनुभवमा विद्यार्थी ४ भन्छन्, *म कम बोल्ने मान्छे त्यसैमाथि भाषा नजानेको म के बोलेँ होला र ! जसले जे बोले पनि बाले बाले (ओके, ओके), सि सि (yes/हो) भनिदिन्थेँ । सबै क्यान्टिनमा खाजा खान जान्थे म कहिल्यै गइनँ किनकि म त्यहाँको खानाको नामसँग र खानासँग परिचित थिइनँ । मलाई सुरुको वर्ष निकै गाह्रो भयो । मेरो कक्षामा एक जना नेपाली केटी थिइन् उनी मभन्दा चार वर्षअघि आएकी रहिछन् उनको मदत मलाई औषधी बन्यो । कोही बोल्यो भने यसले के भनेको हो मलाई बुझाइदेऊ भन्थेँ । मैले बिस्तारै बच्चाले झैँ भाषा सिकेँ ।* भाषा सिक्नलाई भाषिक वातावरणको आवश्यकता पर्ने रहेछ । विभिन्न साथीहरूको भाषा श्रवणले नै

भाषिक सिप सिकाउन मदत पुग्छ। चारै जनाको भोगाइलाई नियाल्दा भिगोत्स्कीको सहकार्य र सहभागितामूलक सिकाइको प्रभाव प्रस्ट भेटिन्छ।

भाषा सिकाइ विकासको प्रक्रिया

भाषा सिकाइका सिद्धान्तहरूका आआफ्नै मान्यता छन् । सिकाइका तरिकाहरू पनि आआफ्नै हुन्छन् । स्पेनमा बसोबास गरी र अध्ययन गर्ने विद्यार्थीहरूले के कसरी भाषा सिके अनि शिक्षकहरूले कसरी सिकाए भन्ने विषयमा अगाडि बढाइएको यस अनुसन्धानात्मक कार्यमा नेपाली विद्यार्थीहरूका अनुभवहरूलाई समेटिएको छ । भाषा सिकाइका मान्यता र विशेषता हेर्दा "अनुभववादी दर्शनको प्रभावमा संरचनावादीहरू के भन्छन् भने बालक जन्मदा सेतो कागजजस्तो रित्तो दिमाग (Tabulla Russa) लिएर आएको हुन्छ । उसले अनुभवहरू सँगाल्दै जाँदा भाषा सिक्दै जान्छ "(न्यौपाने, भण्डारी र अन्य २०६७, पृ. ३८) । भाषा सिकाइ पनि एक एक गरेर सिकिने प्रक्रिया हो । सुन्दै प्रयोग गर्दै गर्दा भाषा छिटो सिकिने कुरा हो।

भाषा सिकाइलाई कक्षामा शिक्षकले के कस्ता रणनीति अपनाउँदै भाषिक विकास गर्छन् भन्ने बारेमा विद्यार्थी १ भन्छिन्, *यहाँका शिक्षकहरू विद्यार्थीजस्तै भएर मानौँ साथीजस्तै भएर व्यवहार गर्छन् जसका कारण डर हुँदैन, आफ्नो कक्षामा अङ्ग्रेजी, गणित, विज्ञान पढाएपछि छुट्टै भाषा कक्षामा लगेर सुरुबाटै सिकाउन मदत गर्छन् । लेखेर पढाउँछन् अनि त्यसैलाई स्लाइडबाट चित्रमा देखाउँछन् अनि साउन्ड (आवाज) सुनाउँछन्, पढ्न लगाउँछन् त्यसपछि जे पढाए त्यो फोटोकपी पेपर घरमा पढ्न र लेख्न दिन्छन् । भोलिपल्ट सोध्छन् बिग्रेपछि पुनः पढाउँछन् । हामीलाई धेरैभन्दा धेरै पिडिएफ नै दिन्छन् त्यसलाई हेरेर आफूजस्तै भाषा सिक्दै गरेको साथीसँग बोल्न लगाउँछन्, बोल्दा नमिले पनि तारिफ गरिदिन्छन् । जसका कारण मनोबल बढेर आउँछ । अडियो, भिडियोको कन्भर्सेसन (कुराकानी) देखाउने, सुनाउने अनि के भनेको सोध्ने त्यसैलाई चित्रमा स्लाइडबाट देखाउने अनि त्यही कुरा पढ्न दिने यस्तै प्रक्रिया निरन्तर गर्दागर्दै पत्तो नपाइकन सिकिने रहेछ*। यहाँ भाषा सिकाइमा शिक्षक विद्यार्थी दुबै सक्रिय भएको देखिन्छ। विद्यार्थीको मनोविज्ञान बुझेर शिक्षण प्रक्रिया अपनाएको प्रस्ट बुझ्न सकिन्छ। शिक्षक आफू जति सक्रिय बन्यो त्यति नै विद्यार्थीलाई पनि सक्रिय बनाएर भाषा सिकाएको साथै शिक्षणमा शिक्षण सामग्री, विद्यार्थीलाई प्रोत्साहन र शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी अन्तर्क्रियाले भाषा सिकाइ प्रभावकारी भएको पाइन्छ।

भाषा सिकाइ प्रक्रियाका बारेमा विद्यार्थी २ भन्छन्, *यहाँका प्रत्येक कक्षामा प्रोजेक्टर हुन्छ, एउटा स्मार्ट बोर्ड हुन्छ । प्रोफेसरको लागि ल्यापटप हुन्छ अनि त्यसैको माध्यमद्वारा सिकाउनुहुन्छ । प्रोफेसरले थोरै पढाउनुहुन्छ, त्यसैलाई बोल्न लेख्न लगाउने अनि साथीहरूबिच बोल भन्ने गर्नुहुन्छ । एउटा वाक्य राम्रोसँग सिकाएर त्यस्तै पाँच वाक्य बनाऊ, बोल भन्नुहुन्छ । थोरै सिकाएर धेरै गर्न लगाउने, नयाँ नयाँ तरिका अपनाउने गर्नुहुन्छ । उहाँले एक दिन मलाई स्कुलको ट्याबलेट घर लैजान दिनुभयो । त्यसमा पाँच सयभन्दा बढी भाषा सिकाइको कुराकानी चित्रसहितको एप रहेछ अनि अङ्ग्रेजीमा ट्रान्सलेट रहेछ त्यो पढ्न लगाउने, अनि बोल्न र लेख्न सिकाउने । यहाँ अक्षर अङ्ग्रेजी, रोमन उच्चारण हुनाले लेख्न निकै सजिलो भयो । धेरैभन्दा धेरै पिडिएफ पढ्न र त्यसैमा लेख्न लगाइन्थ्यो साथै साथीसँ बोल्न र नयाँ वाक्य निर्माणमा जोड दिइन्थ्यो*। उनको भनाइबाट सहकार्यात्मक अभ्यास, सिकाइमा आधारित सहजीकरण, शिक्षण सामग्रीको प्रयोग, प्रविधिको प्रयोग, सिकाइ अन्तर्क्रिया आदि रणनीतिहरू अपनाएको पाइयो । यी सबैलाई हेर्दा सामूहिक सिकाइका साथै स्वयम् ज्ञान निर्माण प्रक्रियालाई पनि प्रोत्साहन गरेको र प्रदर्शन विधिको प्रयोग हुनुका साथै अधिकतम प्रयोगात्मक शिक्षामा जोड दिने गरेको तथ्य पाइन्छ।

भाषिक सिप विकासका बारेमा विद्यार्थी ३ भन्छिन्, *हामीलाई कक्षामा अति धेरै इन्टरनेटको प्रयोग गरिन्थ्यो । स्लाइड, चित्र, शब्दचित्र, भिडियो, फिल्म, अङ्ग्रेजीमा तल लेखेको स्पेनिस भाषाको गीत सुनाएर, पुस्तकालयको प्रयोग गरेर, फोटोकपी पेपर पढ्न लगाएर, मजस्तै भाषा सिक्ने साथीहरूसँग बोल्न लगाएर शिक्षण प्रक्रिया*

अपनाइएको थियो। त्यसमा पनि ससाना कथाका, संवादका किताबहरू घरमा पढ्न पठाएर त्यसको सन्देश के हो ? त्यसको कथावस्तु कस्तो छ ? त्यो किन पढ्नुपर्छ होला जस्ता प्रश्न सोधिन्थ्यो अनि सारांश लेखेर ल्याउ भनिन्थ्यो। लेखेर लगेको प्रत्येक गृहकार्यको मूल्याङ्कन हुन्थ्यो जून मूल्याङ्कनबाट प्राप्त अङ्क मासिक/त्रैमासिक परीक्षामा जोडिन्थ्यो। यहाँको मूल्याङ्कन प्रणाली मलाई निकै राम्रो लाग्यो। उनको सिकाइ प्रक्रियालाई नियाल्दा विद्यार्थी केन्द्रित र अन्र्तक्रियात्मक देखिन्छ। सिकाइ सहजीकरणमा विद्यार्थीको क्षमता र रुचिका आधारमा पनि शिक्षकले शिक्षण प्रक्रिया फरक अपनाएका हुन्छन्।

विद्यार्थी ४ भन्छन्, *यहाँको सिकाइ प्रक्रिया प्रविधिमैत्री छ। आवश्यकताअनुसार एक विद्यार्थी एक कम्प्युटर हुन्छ। प्रोफेसर/प्रोफेसराहरू(शिक्षक/शिक्षिका) बर्सौंवर्ष पढाइरहेका हुन्छन्। यहाँ हामी जस्ता आगन्तुक विद्यार्थी धेरै देशका हुन्छन्। उनीहरू सिकाउनमा अभ्यस्त भइसकेका हुने रहेछन्। आफूले थोरै सिकाउने बढीभन्दा बढी विद्यार्थीलाई सिक्न लगाउने, समूह समूह बनाएर कुराकानी गर्न लगाउने, पिडिएफ पढ्न दिने, स्लाइड देखाउने, बुक पढ्न दिने त्यसलाई सारांश लेख्न लगाएर कक्षामा प्रस्तुत गर्न लगाउने, प्रोत्साहन दिइरहने।* भाषा सिप विकासका लागि विद्यार्थी केन्द्रित विधि प्रभावकारी हुने कुरा विद्यार्थीका भनाइबाट प्रस्ट हुन सकिन्छ।

माथिका चारै जना नेपाली विद्यार्थीहरूका अनुभव र सिकाइ प्रक्रिया नियाल्दा स्पेनको सबै ठाउँमा प्रविधिमैत्री सिकाइ र सिकाइमा आधारित सिकाइ प्रक्रिया भएको पाइन्छ जुन भिगोत्स्कीको निर्माणवादसँग मिल्दो छ। विद्यार्थीलाई हतोत्साहित होइन प्रोत्साहित गर्नु शिक्षकको मुख्य कर्तव्य हो र यसबाट सिकाइ प्रभावकारी बनाउन सहयोग पुग्छ भन्ने कुरा यस अनुसन्धानबाट प्राप्त भएको छ।

भाषिक सिप सिकाइ सहजीकरण

विषयवस्तुका माध्यमद्वारा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित गर्नु भाषा शिक्षण मूल मर्म हो। भाषा शिक्षणमा कथा, कविता, निबन्ध, नाटक, उपन्यास आदि साहित्यिक विधाहरूको उपयोग गरिन्छ। स्पेनमा कथा, कविता र निबन्धलाई कसरी शिक्षण गरिन्छ भन्ने विषयमा विद्यार्थी १ भन्छिन्, *कक्षा ७ सम्म सामान्य भाषा सिकाइ, पढ्न, लेख्न, वाक्य बनाउन, शब्दसँग परिचित हुन, ससाना किताब दिएर, चित्र देखाएर, आइप्याड दिएर, खेलाएर, साथीहरूसँग ससाना नाटक गराएर, स्लाइडमा शब्द, चित्र देखाएर, भिडियोहरू देखाएर सिकाइन्छ। कक्षा आठभन्दा माथि लामा कथा, उपन्यास आदि पढ्न दिने, त्यसलाई विभिन्न दृष्टिकोणबाट लेख्न लगाउने र आफैंले प्रस्तुति दिनुपर्ने जस्ता कामहरू गराइन्छ। कवितामा कविको परिचय, कविताको मूलभाव भएसम्म भिडियोमार्फत देखाउने र पालैपालो पढ्न लगाउने गरिन्छ। निबन्धमा आफैं पढ नबुझे सोध भनिन्छ। अभ्यासहरू गर्न समूह विभाजन गरेर समूहमा दिइन्छ। विद्यार्थीले पनि स्लाइड बनाएर लानुपर्छ अनि प्रोजेक्टरबाट प्रदर्शन गरेर आफ्नो बुझाइ बताउनुपर्छ। नाटक त संवाद, कुराकानी, अभिनय गरेर नै सिकिन्छ।* स्पेनमा प्रविधिको पहुँच पुगेको अनि कक्षा कक्षामा प्रोजेक्टर हुनाले शिक्षण सामग्री नेटबाट जे खोज्यो त्यो देखाउन, त्यसको उच्चारण सुनाउन, त्यसको प्रयोग कसरी र किन गरिन्छ भनेर देखाउन, बताउन सहज भएको कारण भाषिक सिप सिकाइ सहज र दीर्घकालीन रूपमा स्मरण हुने साथै सामूहिक कार्य गराउने तथ्य उनको भनाइबाट प्राप्त भएको छ। सामूहिक कार्य गराउनु निर्माणवादको प्रयोग गर्नु हो।

यसै विषयमा विद्यार्थी २ भन्छन्, *"भाषिक सिप सिकाइमा कथालाई पालैपालो पढ्न लगाउने, घरमा पढ्न उपन्यास दिने, त्यसको बारेमा लेखेर बुझाउनु पर्ने अनि नहेरी वर्णन गर्नुपर्ने हुन्छ। यी सबै प्रक्रिया पूरा गरेपछि त्यो कथाको युनिट पास गरिन्छ। परीक्षा पनि युनिटवाइज हुन्छ जसकारण परीक्षाको मानसिक बोझ हुँदैन। सबै विधाजस्तै शिक्षकले कविताको पनि कवि परिचय नेटबाट कविता देखाइ, कविता सुनाइदिनुहुन्छ। हामीलाई कविता लेख्न लगाउनुहुन्छ, । अभ्यास गर्न धेरै काम समूहमा दिनुहुन्छ। निबन्धमा स्वतन्त्र निबन्ध (आत्मपरक) बढी लेखाउनुहुन्छ। असाइमेन्ट दिएपछि शिक्षकले फलोअप धेरै गर्नुहुन्छ, अनलाइनमा सोध्ने, बोल्ने, कति गरिस् ? के*

पढिस् भनेर चासो राख्ने गर्नुहुन्छ। यसो गरिदिँदा सिकाइमा बढी फोकस हुँदो रहेछ। नाटक विधाभन्दा पनि संवाद बढी हुन्छ। उनको सिकाइ अनुभवको मूल्याङ्कन गर्दा शिक्षणको प्रक्रिया र सिकाउने तरिकामा स्पेनका सबै ठाउँमा सूचना प्रविधि र इन्टरनेट प्रयोग चाहिँ विद्यार्थी सक्रिय बनाउन प्रयोग गरिएको पाइयो । त्यस्तै कक्षा शिक्षणमा पनि समूह कार्य र सहकार्यको वातावरण निर्माण गरेको देखियो । विद्यार्थीलाई सिकाइप्रतिको अपनत्व बोध गराउने खालको अनि दण्डरहित शिक्षण चाहिँ सिकाइका दृष्टिले बढी प्रभावकारी हुने देखियो ।

यस्तै प्रश्नमा विद्यार्थी ३ भन्छिन्, *कास्तियानो (स्पेनिस भाषा)मा भन्दा बढी कातालान (बार्सिलोनाको स्थानीय भाषा) र अङ्ग्रेजीमा बढी साहित्य शिक्षण हुन्छ । यहाँ सबै विषयलाई र विधालाई प्रयोगात्मक रूपमा शिक्षण गरिन्छ । जे पढाइ हुन्छ, त्यसलाई राम्रोसँग बुझाइन्छ र त्यस्तै अनेकौं कामहरू विद्यार्थीलाई एकल र सामूहिक रूपमा दिइन्छ । कथा, कविता, निबन्ध, नाटक आदि विधा लगभग नेपालकै झैं पढाइ हुने भए पनि प्रयोग अभ्यासमा पनि उत्तिकै जोड दिइन्छ । जुनसुकै विधामा पनि पढ्न, लेख्न, आफ्नो बुझाइ बताउन र त्यसको मूल्याङ्कन गरेर आफ्नो प्रस्तुति दिनुपर्छ। भाषिक सिपसँगै आनीबानी र व्यवहार, संस्कार तथा संस्कृतिसँगै जोडेर सिकाउने तरिकाको सिकाइ मलाई बेजोड लाग्यो*। उनका अनुसार बार्सिलोनामा स्थानीय भाषा र अङ्ग्रेजीमा बढी भाषिक विधा भएको र भाषा सँगसँगै यहाँको चालचलन, रहनसहन, इतिहास, आनीबानी, व्यवहार र व्यवहारिक विषयवस्तुका कथा, कविता, निबन्ध र नाटक पढाइ हुने साथै सामूहिक कार्य हुने हुँदा भिगोत्स्कीको सिद्धान्तसँग मेल खाने देखिन्छ।

यसै विषयमा विद्यार्थी ४ भन्छन्, *भाषा सिकाइमा विधागत महत्त्वका साथसाथै व्याकरणको पनि बढी भूमिका रहन्छ। मैले पढेको विद्यालयले व्याकरणलाई बढी जोड दिएर सिकाएको मेरो अनुभव छ। हुन त विद्यालयको र शिक्षकको आआफ्नै शैली हुन्छन्, त्यसमा विद्यार्थीको सिकाइप्रतिको इच्छाले पनि सिकाइलाई प्रभाव पार्दछ। कथा पढ्न लगाउने, आफैं पढ भन्ने, कठिन शब्दको अर्थ र वाक्य बताइदिने अनि घरमा कथा पढेर त्यसको सार लेख्नैपर्ने, साथीहरूलाई यो किन पढ्नुपर्छ भनेर बताउने, कथालाई पनि प्रोजेक्टरबाट देखाउने गर्नुपर्छ। कविता कास्तियानोमा भन्दा अङ्ग्रेजी र भ्यालेन्सियानोमा बढी हुन्छन् । कविता शिक्षण लगभग नेपालकै जस्तै नै हो । शिक्षकले निबन्ध आफैं पढ भन्ने अनि नबुझे सोध भन्ने, त्यसको मूल मर्म के हो लेख्ने र अन्य विषयमा निबन्ध लेख्न लगाउने नै गर्नुहुन्छ। नाटकलाई अभिनय गराएर संवाद शैली सिकाएर, विद्यार्थीलाई समूहमा नाटक लेख्न लगाउने गराइन्छ*। उनको सिकाइ सहजीकरणको अनुभवलाई नियाल्दा भ्यालेन्सियामा व्याकरण शिक्षण सिकाइमा बढी जोड दिएको पाइन्छ । शिक्षकको भूमिका सहजकर्ताको रूपमा रहेको देखिन्छ । “शिक्षकले कक्षाकोठामा व्याख्या गर्ने अनि निर्देशक र नियन्त्रकको भूमिका मात्रै निर्वाह गर्ने होइन, सल्लाहकार, परामर्शदाता, मार्गदर्शक, प्रश्नकर्ता, सहयोगी र एक असल मित्र तथा अभिभावकको भूमिकासमेत निर्वाह गर्न सक्नुपर्छ” (शर्मा एन्ड शर्मा, २०६०, पृ. ६) । शिक्षकले आवश्यकताअनुसार विभिन्न विधि, तौरतरिका अपनाएर सिकाइ सहजीकरण गर्नुपर्छ। सिकाइमा आधारित सहजीकरणमा विद्यार्थीलाई अन्तर्क्रिया गराउनाले सिकाइ प्रभावकारी हुन्छ भन्ने विषय माथिका अन्तर्वार्ताबाट प्रस्ट हुन्छन्।

उपलब्धि र प्राप्ति

वर्तमान समयमा संसारभर नै पाठ्यक्रमदेखि लिएर शिक्षण प्रक्रियाहरू लचिलो, सरल, सहज, उपयोगी सिपमूलक, प्रयोगमूलक बनाएर विद्यार्थीहरूलाई विषयवस्तु प्रदान गर्ने गरेको पाइन्छ। सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक ज्ञानलाई बढी जोड दिनु अबको आवश्यकता देखिन्छ । “भाषिक सिप सहजीकरण प्रक्रियालाई बालकेन्द्रित, सहभागितामूलक, समावेशी, सिकाइ अनुकूल, उत्प्रेरित तथा अन्तर्क्रियात्मक वातावरण निर्माण गर्नुपर्छ” (पराजुली, २०८०, पृ. ७५) । विद्यार्थीहरूलाई नै सक्रिय बनाई गरिने शिक्षण बढी प्रभावकारी भएको पाइन्छ । प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको अवस्थाअनुसार शिक्षक विद्यार्थी दुबै सक्रिय भएको पनि पाइयो। धेरैभन्दा धेरै अभ्यास विद्यार्थीलाई नै गराउने र प्रोत्साहन दिने गरेको तथ्यले प्रेरणा र प्रोत्साहन त शिक्षणका लागि औषधी जस्तै बन्ने

रहेछन् । चारै जना विद्यार्थीको अन्तर्वार्तालाई अध्ययन गर्दा सहयोगात्मक वा सहकार्य विधि (Colaborative and Cooperative learning) को प्रयोग गरेको पाइन्छ । सामूहिक सहकार्य गराउनाले कक्षाकोठाको व्यवस्थापन र विद्यार्थीहरू बिचको आपसी सद्‌भाव वृद्धि आदि पक्षमा बढी प्रभाव परेको देखिन्छ। सिकाइमा आधारित शिक्षणले र सामूहिक कार्यले विद्यार्थीहरूमा सिर्जनात्मक, रचनात्मक, निर्माणात्मक ज्ञानको विकास गराउँछ भन्ने जानकारी पनि प्रस्तुत अध्ययनबाट प्राप्त गर्न सकिन्छ । शिक्षकले विद्यार्थीको कार्यमा चासो राखिदिनाले पनि विद्यार्थी सकारात्मक भएर अध्ययनमा सक्रिय हुन सक्छन् भन्ने महत्त्वपूर्ण जानकारी प्राप्त भएको छ। वर्तमान समय सूचना र प्रविधिमैत्री सिकाइको समय नै हो । जहाँ प्रविधि छ, त्यहाँ शिक्षण सिकाइ प्रक्रिया सहज र प्रभावकारी भएको देखिन्छ। विधागत रूपमा नियाल्दा शिक्षण प्रक्रिया नेपालको पनि स्पेनको जस्तै भएको पाइन्छ। स्पेनमा अध्ययन गर्ने विद्यार्थीहरूले स्पेनको मल्याङ्कन प्रक्रिया बढी फलदायी, लाभदायी र वास्तविक मल्याङ्कन भएको महसुस भएको छ।

निष्कर्ष

प्रस्तुत अध्ययन नेपाली विद्यार्थीहरूको स्पेनिस भाषा कक्षाको सिकाइ सहजीकरणको अनुभवमा केन्द्रित रहेको छ। कुनै पनि विषयवस्तु सिकाउन शिक्षक सहजकर्ताको रूपमा उपस्थित भएर सिकारुको इच्छा, रुचि, उमेर, तह र आवश्यकता अनुकूल सिक्ने वातावरण तयार पारिदिने, समस्या दिएर समाधानको खोजी गर्न लगाई विद्यार्थीहरूलाई सक्रिय बनाउने प्रक्रिया नै सिकाइ सहजीकरण हो । सिकाइ सहजीकरण शिक्षणमा आधारित र सिकाइमा आधारित हुन्छ । यस अध्ययनमा सिकाइमा आधारित सहजीकरणको उपयोग भएको छ । सिकाइमा आधारित सहजीकरण विद्यार्थी केन्द्रित विधि हो जुन भिगोत्स्कीको निर्माणवादी सिद्धान्तमा आधारित छ, त्यसैले यस अध्ययनको सैद्धान्तिक आधार पनि भिगोत्स्कीको निर्माणवादको प्रयोग गरिएको छ । स्पेनको सिकाइ सहजीकरणलाई गहन अध्ययन गर्दा भिगोत्स्कीको निर्माणवादसँगै अहिले संसारभर चलिरहेको सहयोगात्मक सिकाइ (Collaborative Learning) लाई पनि अवलम्बन गरेको कुरा यस अध्ययनबाट प्राप्त भएको छ। स्पेनका भाषा कक्षामा शिक्षण गर्दा सिकारूलाई समस्या दिने, समाधान खोज्न लगाउने, सामूहिक कार्यमा सक्रिय बनाउने, स्लाइडहरूको अधिकतम प्रयोग गर्ने, पिडिएफ प्रयोग गर्ने, शिक्षणलाई प्रयोगात्मक बनाउने, प्रोत्साहन दिने, व्यवहारिक ज्ञान निर्माणमा जोड दिने जस्ता क्रियाकलापका साथसाथै मूल्याङ्कन प्रक्रिया दैनिक र एकाइपिच्छे लिने गर्ने कुरा विद्यार्थीहरूको मत रहेको छ । हरेक एकाइको अन्तिम मूल्याङ्न हुने गरेको तथ्य यस अध्ययनबाट प्राप्त भएको छ। सबै विद्यार्थीहरूका भाषिक कठिनाइ र चुनौती त्यति सहज र सरल भेटिएनन् । भाषा सिकाइमा सहजकर्ताको भूमिका, अन्तर्क्रिया, छलफल र सिकारुको सक्रियताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने रहेछ भन्ने कुरा पनि प्रस्ट भएको छ। शिक्षण प्रक्रियामा शिक्षणका विभिन्न रणनीतिहरू प्रयोग हुनुका साथै शिक्षण सामग्री प्रयोगमा प्रविधिमैत्री, सिकारुमैत्री सिकाइका साथै मनोविज्ञानको पनि प्रयोग भएको पाइयो । सिकाइमा आवश्यकताअनुसार मिश्रित शिक्षण विधिलाई पनि समावेश गर्नुपर्छ । यहाँ पनि विद्यार्थीको स्तरअनुसार फरक प्रक्रिया अपनाइने रहेछ । विधागत सिकाइ सहजीकरणलाई नियाल्दा भाषिक पृष्ठभूमि तयार पारिसकेपछि सिकारुलाई आफैं पढ्न लगाउने, त्यसको सार लेख्न लगाउने, त्यसबाट सिकेका कुरा अनि साथीहरूको अनुभव जस्ता विषयवस्तुमा अन्तर्क्रिया गराउने गरेको पाइयो। किताबभन्दा बढी स्लाइडको प्रयोग हुने रहेछ। यहाँ विधागत पाठका रूपमा कथा, कविता, निबन्ध र नाटकलाई लिइन्छ। शिक्षणका क्रममा लेखक परिचय अनिवार्य खुलाइँदो रहेछ । भाषिक सिप विकासका लागि सहजकर्ताले शिक्षण सामग्रीको प्रयोग गर्ने, सिकारुलाई माया, प्रेरणा र प्रोत्साहन दिने समस्याको खोजी गर्न लगाउने, सिकारुलाई पढेर बोध गर्न लगाउनाले दीर्घकालीन स्मरण हुनुका साथै नयाँ नयाँ किताब दिनाले पढाइ सिपको विकास, त्यसको सार लेख्नाले लेखाइ र आफूले पढेको प्रस्तुति दिनुपर्ने हुँदा बोलाइ सिपको विकास र सामूहिक कार्य र अन्तर्क्रिया गराई सुनाइ सिपको विकास हुने रहेछ भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ।

सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, लक्ष्मीप्रसाद (२०८१), *नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया,* (अप्रकाशित विद्यावारिधि अनुसन्धान प्रबन्ध), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, डिनको कार्यालय ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

खनाल, पेशल (२०८१), *सिकाइमा सबै विद्यार्थीलाई कसरी सक्षम बनाउने ?,* सेतोपाटी डट कम, (फागुन १७, शनिबारको अङ्क) ।

नेपाल सरकार (२०७६), *आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने, दीपकप्रसाद (२०६७), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, नारायणप्रसाद (२०८०), नेपाली भाषा शिक्षणमा विविधताको व्यवस्थापन, *भाषा आलोकन,* अङ्क ६, नेपाली भाषा शिक्षक परिषद, कास्की ।

पौडेल, नेत्रप्रसाद (अगस्ट *२०१८),* सामाजिक निर्माणवाद र भाषा सिकाइ, *शिक्षक जर्नल,* भोलुम १३, पृ. २८–३८ ।

विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका *(२०७७), नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिहदरबार ।*

शर्मा, युवराज (सन् २०१४), सिकाइको अर्थ, महत्त्व र उपयोग, *नयाँ युगबोध राष्ट्रिय दैनिक,* (मङ्सिर २२) ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला *(२०६०), शिक्षण विधि,* एम के पब्लिकेसन्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, विष्णुप्रसाद (सन् २०२२), स्नातक तहको नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको उपयोग, *कौमोदकी जर्नल,* डिसेम्बर २५ । *https://doi.org/10.3126/kdk.v3il.52126*

शर्मा, विष्णुप्रसाद (सन् २०२२),नेपाली भाषा सिकाइमा सहजीकरणसम्बन्धी अभिमत, *एएमसी जर्नल,* भोलुम ३, नम्बर १ । *https://doi.org/10.3126/amcj.v3i1.45454*

शर्मा, विष्णुप्रसाद (सन् २०२४), सिकाइ सहजीकरणलाई सिकारूमैत्री र सहभागितामूलक बनाउने उपायका सम्बन्धमा भाषा शिक्षकहरूको अभिमत, *पृथ्वी वाङ्मय जर्नल,* भोलुम १४ ।

शर्मा, विष्णुप्रसाद (२०८१), *नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण,* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यलय ।

Brookfield, S. D. (1986). *Understanding and Facilitation Adult Learning,* open university press. milton Keynes.

Burrows, D. E. (1997). Facilitation: A concept analysis. *Journal of Advanced Nursing*. 1997, 25, pp. 396-404.

ELekalakala, M. (2006). *Facilitation as a teaching strategy: Experiences of facilitatiors.* School of Nursing. University of the Free stste. Curationis, 29 (3). pp. 61 -69.

Ju. moli & braun, D. (2015). *Education Learning Theory*. Education Open textbook One. *http://oer.galileo.usg.edu/education -textbook/1*

Mondragon, U. (2018). *Make the leap from teacher training to learning facilitation.* Spain, madrid. Info@mondragon.edu.

Richards, J.S. & Rodgers, T.S. (2016). *Aporoaches and Methos in Language Teaching*. CUP.

Syomwin, A.(2016). Vigotsky´s Social Development and Intraction theory: implication to the english language curriculum in Kenya. *European Journal of Educatoin studies,* Vol. 1.

Vigotsky, L. S. (1978). *Mind and Society*. Harvard University Press.

Walker K. & Avant, L. (1988). *Strategies for Theory Construction in Nursing.* (2nd edn). Appletan and Lange. Norwalk.